''प्राकृतिक सम्पदायुक्त हराभरा सहर,सम्पूर्ण नगरबासीको एउटै रहर''

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुढा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स:२०७९/०८०
च.नः२२८

मितिः २०७९/०५/०५

विषयः सूचना। सूचना।। सूचना।।।

श्री सम्बन्धित सबै ।

प्रस्तुत सम्बन्धमा "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८" बमोजिम यस नगरपालिका अन्तर्गतका तपशिलका रोगी र बिरामीलाई औषधी उपचार बापत खर्च रकम प्रदान गर्ने कार्यक्रमका लागि देहाय बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सम्बन्धित वडा कार्यालय मार्फत अनुसूची-२ बमोजिम निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिन्छ ।साथै सो कार्यविधि यसै पत्र साथ संलग्न गरिएको छ तथा नगरपालिकाको वेवसाईट **www.parshurammun.gov.np** बाट समेत डाउनलोड गरी हेर्न सकिने व्यहोरा अनुरोध गरिन्छ ।

तपशिल:
१. मृगौला प्रत्यारोपण गरेका ।
२. डायलाइसिस गरिरहेका ।
३. क्यान्सर रोगी ।
४. मेरुदण्ड पक्षघातका बिरामी ।

तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:
१. नेपाली नागरिकताको प्रतिलिपी ।
२. नावालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. अनुसूची १ बमोजिम चिकित्सकले प्रमाणित गरेको प्रमाणको प्रतिलिपी ।
४. मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता परिचयपत्र (रातो वा निलो) को प्रतिलिपी ।
५. अनुसूची २ बमोजिमको ढाँचामा निवेदन ।
६. बैंक खाता विवरण ।

**नोटः** यस कार्यक्रमका लागि माथि उल्लेखित दिर्घरोगीहरुले नेपाल सरकारबाट कुनै प्रकारको सामाजिक सुरक्षा भत्ता, नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकाँश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी तथा पेन्सन पाउने व्यक्ति भएमा निजले दोहोरो सुविधा पाउने छैनन् ।

**बोधार्थ:**
श्री वडा कार्यालय सबै, परशुराम नगरपालिका, डडेल्धुरा । -कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिदिन हुन साथै रितपुर्वक परेका निवेदनहरु संकलन गरि यस कार्यालयमा पठाईदिन हुन ।

फोन:०९६४११००४ ईमेल :parshurammun@gmail.com, website http://www.parshurammun.gov.np

CamScanner